आज मिति २०७६ साल श्रावण महिनाको ५ गते आईतबारका दिन विहान ठिक ११:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङ्ग ज्यूको अध्यक्षतामा बसी तपशिल बमोजिमका प्रस्तावहरु माथि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

श्री किसान गुरुङ्ग , नगर प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री सबिता रसाईली , उप प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री रबि चन्द्र पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री शिव कुमार श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर क्षेत्री थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी , सदस्य (नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी , सदस्य (नगर कार्यपालिका)

श्री दल बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ्ग , सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा , सदस्य (नगर कार्यपालिका)

श्री गिता महत , सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल , सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा , सदस्य (नगर कार्यपालिका)

श्री सानुमाया महत , सदस्य (नगर कार्यपालिका)

Scanned by CamScanner

श्री कुल बहादुर भुजेल , सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल , सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे , सदस्य (नगर कार्यपालिका)

श्री देव बहादुर अधिकारी , प्रमुख प्रशासकिय अधिकृत एव्म सचिव (नगर कार्यपालिका)

अन्य उपस्थिती :

श्री विष्णुहरी गडौंला, का.वा. अध्यक्ष वडा नं. ३

श्री नवराज चापागाई , शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

श्री लक्ष्मण लम्साल , प्रशासन शाखा प्रमुख

श्री तारापति भट्टराई , पूर्वाधार विकास शाखा प्रमुख

श्री उत्तम थापा , नक्सापास शाखा प्रमुख

Scanned by CamScanner

निर्णय नं.१

गत आ ब ०७५/७६ मा सम्झौता भई सम्पन्न हुन नसकेका देहायवमोजिमका नगर तथा वडास्तरीय योजनाहरुको म्याद २०७६ आश्विन मसान्तसम्म म्याद थप्ने :

१.१ नगरपालिका प्रशासनिक भवन निर्माणको तला थप

१.२ ढोरवराही मन्दिर मोटरमार्ग,वडा न ९

१.३. सुरौदीखोला झोलुंगे पुल संरक्षणको लागि तटवन्धन निर्माण,वडा न ९

१.४ ढोरबराही मन्दिर व्यवस्थापन,वडा नं. ९

१.५ खैरेनीटार आयुर्वेद भवन ट्रस निर्माण,वडा नं ६

१.६ प्रगति सिर्जना टोल नाला निर्माण, वडा नं ६

१.७ तिनखोले देवी मन्दिर शौचालय निर्माण, वडा नं ६

१.८ श्री खैरेनी मा.वि. कम्पाउण्ड, वडा नं ६

१.९ परियार समाज भवन, वडा नं ६

१.१० चापश्वारा छब्दी मा. वि , देउरालीं पाइप विस्तार,वडा नं. १०

१.११ बाङराङ खानेपानी पाइप विस्तार योजना वडा नं. १०

१.१२ विचार्डो खा पा, वडा नं. १०

१.१३ साखे खानेपानी योजना, वडा नं. १०

१.१४ दुलेगौडा लामागाउ मोटरमार्ग,वडा नं. १२

१.१५ आमडाडा धामीकुना खानेपानी योजना, वडा नं. १२

१.१६.ज्याउनेछरा कोन्द्रो खोल्से खानेपानी योजना, वडा नं. १२

१.१७ मगरनास लाकुरीवोट खानेपानी योजना, वडा नं. १२

१.१८ वडा कार्यालय ट्रस निर्माण,वडा नं. १,(जनसहभागिता १० प्रतिशत कायम गर्ने)

१.१९ सरस्वती नमुना मा वि ,वडा नं. १

१.२० वन्केवा चोकदेखि हेल्थ पोष्टसम्म सडक सडक कालोपत्रे,वडा नं. ४

१.२१ परियार सेवा समाजको खानेपानी तथा ट्वाइलेट निर्माण,वडा नं. ४

प्रमुख

Scanned by CamScanner

१.२२ भण्डारी गाउ खानेपानी टंकी निर्माण,वडा नं. ३

१.२३ बन्केवा खानेपानी टंकी निर्माण, वडा नं. ३

१.२४ सन्तेडाडा वोरिङं खानेपानी योजना, वडा नं. ३

१.२५ अकला मोटरमार्ग रिफिलिङ,वडा नं ५

१.२६ किमलडाँडा लिफ्टीङ खानेपानी योजना, वडा नं. ८

१.२७ सुरौदी खोला तटबन्धन,वडा नं. ८

१.२८ विसौना चिलाउनेखर्क सिडी निर्माण,वडा नं. ११

१.२९ दुर्गेधारा थामडाडा खानेपानी योजना,वडा नं. ११

१.३० बराहखोला खानेपानी योजना,वडा नं. ११

१.३१ भुजिकोट होमस्टे, वडा नं. २

१.३२ कोत्रे जुवादी खानेपानी योजना,वडा नं. २

१.३३ सानीगाउ मोटरमार्ग, वडा नं. २

१.३४ खहरे प्रतिक्षालय, वडा नं. २

निर्णय न. २

आ.व. २०७५/७६ को असार मसान्तसम्म निर्माण सम्पन्न भएका, घर नम्बरिङ्गमा परेका लालपुर्जा मिलेका घरहरुको देहायबमोजिम मापदण्डको आधारमा घरकायम गर्ने :

क. लालपुर्जामा उल्लेख भएको जग्गाको क्षेत्रफलमा बनेका घर,

ख. लालपुर्जामा भन्दा बढी वा सार्वजनिक जग्गामा बनेका घरहरु भएमा घरनक्शालाई काटेर पुर्जाको जमिनको मात्र घर,

ग. भिरको सेटव्याक ५ मिटर मात्र कायम गर्ने ,

घ.हाईटेन्सन लाइन,खोला तथा नदीको मापदण्ड विपरित बनेका घरहरु कायम गर्ने तर त्यसको जोखिम सम्बन्धित जग्गाधनीले नै बहन गर्नुपर्ने ।

निर्णय नं. ३ :

चालु आ.व. को वडागत तथा नगरस्तरीय योजनाहरुको कार्यान्वयन निम्नानुसार गर्ने :

प्रमुख

Scanned by CamScanner

- वडागत योजना : वडागत उपभोक्ता समिति योजना संझौता तथा उपभोक्ता समिति गठन कार्तिक मसान्तसम्म,
- नगरस्तरीय योजना : साझेदारी र नगरस्तरीय योजनाको उपभोक्ता समिति गठन र संझौता मंसीर मसान्तसम्म ।
- योजना सम्झौता फारामलाई सरलीकृत गर्ने,
- प्रत्येक उपभोक्ता समीतिको गठन वडा समितिले तोकेको जनप्रतिनिधिको रोहवरमा गर्ने
- प्रत्येक उपभोक्ता समीतिले उपभोक्ता समिति गठन देखि योजना सम्पन्न भै भुक्तानी माग गर्ने सम्मको निर्णय आ आफ्नै राजिष्ट्ररमा गर्ने र सोको प्रतिलिपि कार्यालयमा पेश गर्ने ।
- वडास्तरीय पुर्वाधारका योजनाहरुको सम्झौता गर्न निश्चित अवधि तोकी नगरपालिकाका अधिकृत कर्मचारीहरुले सम्बन्धित वडामा गएर गर्ने ।
- पुर्वाधार वाहेक अन्य वडास्तरीय योजनाहरुको सम्झौता प्रस्ताव लिइ वडा अध्यक्षको रोहोवरमा सम्बन्धित वडा सचिवले गर्ने ।
- नगरसभाबाट स्वीकृत योजना तथा कार्यक्रमको भुक्तानी ढिलोमा २०७७ ज्येष्ठ मसान्त भित्र लिई सक्नुपर्ने ।
- उपभोक्ता समितिले जम्मा गर्नुपर्ने नगद योगदानवापतको रकम नगरपालिकाको खातामा जंम्मा भएपछि मात्र सम्झौता गर्ने ।

निर्णय नं. ४

यस नगरपालिकाभित्रको स्थानीय उत्पादन शुल्क संकलनका लागि अर्को व्यवस्था नभएसम्म वडा नं. ७ मा खटाइएका ४ जना र वडा नं. २ मा खटाइएका ४ जना व्यक्तिलाई प्रतिदिन रु ७०० का दरले कामकाज गरेको दिनअनुसारको पारिश्रमिक आन्तरिक आयबाट वेहोर्ने गरी उपलब्ध गराउने ।

निर्णय नं. ५

यस नगरपालिकाको वडा नं. १,२,८,९ र १० मा सञ्चालित शहरी केन्द्रलाई गत आर्थिक वर्ष ०७५/७६ मा संघीय सरकारवाट वजेट विनियोजन गरी पठाएकोमा चालु आ.व. ०७६/०७७ को हालसम्म पनि संघीय सरकारवाट वजेट विनीयोजन भइ नआएको र यस नगरपालिका ले ५ वटै शहरी स्वास्थ्य क्लिनीकलाई खर्च व्यहोर्ने सकिने अवस्था नरहेको तर सेवा अति आवश्यक भएकोले सोको लागि वजेट व्यवस्थापन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,सिंहदरवारमा अनुरोध गरी पठाउने ।

निर्णय नं. ६

सडक निर्माण तथा विस्तारका क्रममा व्यक्तिगत घरहरुलाई क्षति पुगेको एवम प्राकृतिक विपत्तिका कारण अन्य क्षति भएका देहायका वडाअन्तर्गतका प्रकोप पीडितहरुलाई प्रकोप व्यवस्थापन कोष वाट वेहोर्ने गरी निम्न रकम विनीयोजन गर्ने :

- मिति २०७६/०३/१८ मा वडा नं. ७ स्थित खुर्सानीबारीमा रहेको पशुफार्ममा भिषण आगलागीले सो फर्ममा रहेका भैसा,खरायो तथा कुखुरा तथा भौतीक संरचना जलेर नष्ट भएकोले राहतस्वरुप रु ५००००/– उपलब्ध गराउने ।

प्रमुख

Scanned by CamScanner

- वडा नं. १ स्थित लालध्वज मोटरमार्गमा पर्ने दमयन्ती वाग्लेको आवास संरक्षणका लागि प्राविधिक ल.ई. बमोजिमको रकम,मनवहादुर दमै,रु १५०००।–, मन वहादुर वि.क १५०००।–,
- वडा नं ६ निवासी अमरवहादुर कुमाल,रु २५०००।–,रिउरा वि.क., रु १५०००।–, नरवहादुर वि.क.,रु १५०००।–
- वडा नं. ९ निवासी भिमंवहादुर वि.क,रु १५०००।–
- वडा नं. ८ निवासी अमृत श्रेष्ठ,रु १५०००।–
- वडा नं. ३ निवासी केशव परियार, रु १५०००।–
- वडा नं ११ निवासी हरिकला वि.क.,१५०००।–,टुकवहादुर मिजार रु १५०००।–
- वडा नं १० निवासी कृष्ण श्रेष्ठको आवास संरक्षणका लागि ग्याविन निर्माण गर्न प्राविधिक ल.ई. बमोजिमको रकम ।

निर्णय नं.७ :

गत आ.ब २०७५/७६ मा यस नगरपालिकाभित्र खटिएका महिला स्वास्थ्य स्वयमसेविकालाई मासिक रु ४०० का दरले सुविधा उपलब्ध गराउने निर्णयानुसारको रकम भुक्तानी हुन छुट भएकोले अ.ल्या बाट वेहोर्ने गरी निर्णयानुसारको रकम उपलब्ध गराउने ।

निर्णय नं. ८ :

“घ” वर्गको निर्माण व्यवसायी इंजाजतपत्र सम्वन्धी कार्यविधिको दफा ३ वमोजिम नविकरण हुन नसकेको रचना निर्माण सेवा,खैरेनीटारको नविकरणको लागि निवेदन पेश हुन आएकोले एक पटकको लागि उक्त रचना निर्माण सेवालाई गत आ.व. २०७५/७६ को लागि तोकिएको दस्तुरको दोब्वर र चालु आ.व. को तोकिएको दस्तुर लिई नवीकरण गरिदिने ।

निर्णय नं. ९ :

यस नगरपालिकाको वडा नं. ५,६ र ७ को मिलडाँडा खैरेनीटार क्षेत्रमा जडान गरिएको सोलार वत्तीको भुक्तानी दिन पर्ने(उपभोक्ता समितिद्वारा जम्मा गरिएको) रकम नियमानुसार भुक्तानी दिने ।

निर्णय नं. १० :

खैरेनीटार महिला वहुउद्देश्यीय सहकारी संस्था को लागि गत आ.व.मा विनियोजन भएको रु २५ लाखबाट कुनै काम हुन नसकेकोले चालु आ.ब. २०७६/०७७ को लागि पुन विनियोजन गर्ने ।

निर्णय नं. ११ :

शुक्लागण्डकी नगरपालिका वडा नं. १२ स्थित लामागाउ सालवोट झारेखोला लिफ्टिङ खानेपानी योजनावाट वडा नं. १२ को वडा कार्यालय,जनप्रेमी मा.वि. र फिरफिरे स्वास्थ्य चौकीलाइ खानेपानी जडान गरिएवापत प्रत्येकको रु ६७०००।– को दरले हुन आउने रु २,०१,०००।– रकम आन्तरिक आयवाट वेहोर्ने ।

प्रमुख

Scanned by CamScanner